नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

फोन नं. ४२०००००
४२००२८७

सिहदरबार, काठमाडौं

प.सं. २०६९/०७०
च.न 230

मिति:२०६९।०७।२७

विषय:– बेरुजु फ्छ्यौंट कार्ययोजना र प्रगति ।

श्रीमान् स्थानीय बिकास अधिकारीज्यू,
सवै (७५) ।

यस मन्त्रालयको प.सं ०६९।७० च.नं. १४० मिति २०६९।५।३१ मा पठाईएको श्रीमान् सचिवज्यूबाट स्वीकृत बेरुजु फ्छ्यौंट कार्ययोजना र मार्गदर्शन प्राप्त गर्नु भएकै होला ।

"आ.व २०६९।७० मा शुन्य बेरुजु बनाउने प्रयास गर्ने, साविकको बेरुजु फछ्यौंट कम्तिमा ६० प्रतिशत गर्ने तथा पुरानो पेस्की फछ्यौंट नगरी थप पेस्की नदिने । यस्तो अवस्थामा सेवाग्राहीलाई सुबिधा उपलब्ध गराउन बैकल्पिक व्यवस्था गर्ने । पेस्की बेरुजु कम्तीमा ८० प्रतिशत फछ्यौंट गर्ने" संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय आ.ब. ०६८।६९ को बार्षिक समीक्षा गोष्ठिको आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा गरिएको प्रतिबद्धता स्मरण गराउन चाहन्छु ।

बेरुजु फ्छ्यौंटको स्तर र प्रगतिको आधारमा पुरस्कारको व्यवस्था र फ्छ्यौंटको काम कारवाही नगर्नेलाई जरिवाना तथा सेवा सम्बन्धि बिभागीय कारवाही हुने व्यवस्था यहाँलाई अवगत नै छ । कार्ययोजना बमोजिम सम्पादन हुनु पर्ने कुनै पनि क्रियाकलापको प्रतिबेदन हाल सम्म यस मन्त्रालयमा प्राप्त हुन आएन । यसै सन्दर्भमा कार्ययोजना बमोजिम चालु आ.ब. ०६९।७० को प्रथम चौमासिक अवधि सम्मको निम्नानुसार व्यहोरा सहितको विवरण ७ (सात) दिन भित्र पठाउनु हुन अनुरोध गर्दछु ।

- आर्थिक बर्ष ०६९।७० सम्मको मन्त्रालयको लगत संग भिडान गरी कायम रहेको बेरुजु अंक
- बेरुजु फ्छ्यौंटको कार्यदलका पदाधिकारीहरुको विवरण र Focal Person को नाम, पद र सम्पर्क नम्बर
- प्रथम चौमासिक अवधिको बेरुजु फ्छ्यौंटको प्रगति बिवरण (प्रतिशतमा समेत देखिने गरी )
- बेरुजु फ्छ्यौंटको लागि आगामी कार्ययोजना ।

बाबु राम श्रेष्ठ
उपसचिव (लेखा)

बोधार्थ:
महालेखा परीक्षकको कार्यालय
बवरमहल, काठमाडौं ।
बेरुजु फछ्यौंट मुल्यांकन र अनुगमन समिति
सिंहदरवार ।